श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन पत्र

विषय उत्प्रेषण, प्रतिषेध र परमादेश समेतको आदेश जारी गरी पाँउ

रौतहट जिल्ला साविक गौर गा.वि.स वार्ड न. १ स्थायी घर भई हाल काठमान्डौ जिल्ला काठमान्डौ महानगरपालिका वार्ड न ३२ वसोवास गर्ने पुर्व प्रधानमन्त्री, ने.क.पा एमालेको नवौ राष्ट्रिय महाधिवेशनवाट निर्वाचित केन्द्रीय सदस्य र कार्यविभाजनका आधारमा विदेश विभाग प्रमुख पार्टी स्थायी सदस्य तथा वरिस्ठ नेता तथा प्रतिनधिसभा सदस्य स्व मंगल कुमार नेपालको छोरा वर्ष ६७ को माधव कुमार नेपाल....................................................१

जिल्ला अछाम साविक गा.वि.स. स्थायी घर भई हाल काठमान्डौ जिल्ला काठमान्डौ महानगरपालिका वार्ड न . वसोवास गर्ने पुर्व उप्रधानमन्त्री, ने.क.पा एमालेको नवौ राष्ट्रिय महाधिवेशनवाट निर्वाचित उपाध्यक्ष तथा प्रतिनधिसभा सदस्य भिम वहादुर रावल......................१

......जिल्ला साविक गा.वि.स. ( हाल परिवर्तित .....) स्थायी घर भई हाल काठमान्डौ महानगरपालिका वार्ड न. वसोवास गर्ने पुर्व कृषि तथा पशुपंछी मन्त्री, ने.क.पा एमालेको नवौ राष्ट्रिय महाधिवेशनवाट निर्वाचित उपमहासविच तथा प्रतिनिधी सभा सदस्य घनश्याम भुषालं ...............................१

जिल्ला धादिङ साविक गजुरी गा.वि.स वार्ड न ८ स्थायी घर भई हाल काठमान्डौ महानगरपालिका वार्ड न. वसोवास गर्ने तथा पुर्व अर्थमन्त्री एवम नेकपा एमालेको स्थायी कमिटी सदस्य ...को छोरा वर्ष ६२ वर्षको सुरेन्द्र पाण्डे...................................................१ समेत जना चारको वारेस काठमान्डौ महानगरपालिका वार्ड न २९ वस्ने दुर्गा वहादुर दहाल...............................................................रिट निवेदक

विरुद्ध

निर्वाचन आयोग वहादुर भवन काठमान्डौ...............................१

ने.क.पा एमालेको नवौ राष्ट्रि महाधिवेशनवाट निर्वाचित अध्यक्ष ऐ.को संसदीय दलको नेता एवम् सम्माननीय प्रधानमन्त्री के.पि शर्मा ओली प्रधानमन्त्री निवास वालुवाटार .............................................................१

प्रतिनिधिसभाका सम्माननीय सभामुख प्रतिनिधिसभा, संसद सचिवालय सिंहदरवार काठमान्डौ...........................................................१

संघीय संसद सचिवालय सिंहदरवार काठमान्डौ...............................१

ने.क.पा एमालेको नवौ राष्ट्रि महाधिवेशनवाट निर्वाचित महासचिव एवम् उपप्रधानमन्त्री इश्वर पोखरेल प्रधानमन्त्री तथा मन्त्रीपरिषद सचिवालय सिंहदरवार काठमान्डौ...........................................................१

१.हामी निवेदकहरु निवेदन वापत लाग्ने दस्तुर यसै साथ राखि निम्न व्यहोराको निवेदन गर्दछौं...... ।

२.यो रिट निवेदनसंग सम्वन्धीत तथ्य निम्नानुसारले उल्लेख गर्न चाहान्छौ ।

क. निवेदकहरु निवेदक खण्डमा लेखिए वमोजिमका हैसियत प्राप्त राजनीतिक व्यक्तित्वहरु हौं । हामीहरु २०७१ साल असार महिनामा संम्पन्न नेपाल कम्युनिष्ट पार्टि एकिकृत मार्क्सवादी लेलिन वादी ( यस पछी एमाले मात्र भनिने ) को नवौ राष्ट्रिय महाधिवेशनवाट निर्वाचित केन्द्रिय पदाधिकारी तथा सदस्य हौं । निवेदक मध्ये म माधव कुमार नेपाल हालको एमालेको संस्थापक सदस्य समेत हँ । २०३२ सालमा स्थापित अखिल नेपाल कोअर्डिनेशन केन्द्रको सदस्य संस्थापक सदस्य हुँदै ,२०३५ साल मा गठन गरिएको ने.क.पा मा.ले को संस्थापक पोलिट व्युरो सदस्य हुँदै २०४७ साल पुष २३ मा स्थापित भएको एमाले समेतको संस्थापक मध्येको एक भई सोहि पार्टीको तिन कार्यकालको प्रमुख( तत्कालिन अवस्थामा पार्टीको विधान वमोजिम महासचिव प्रमुख हुने

व्यवस्था भएको ) अर्थात महासचिवको जिम्वेवारी पुरा गरी आएको छु भने ,राष्ट्रिय सभाको सदस्य, प्रतिनिधिसभाको सदस्य र प्रमुख प्रतिपक्षि दलको नेता एवम् उपप्रधानमन्त्री र प्रधानमन्त्री तथा तत्कालिन संविधानसभाको सदस्य तथा मस्यौदा समितिको प्रमुख र त्यस अघी श सस्त्र द्धन्तको अन्त्यको लागि एमाले पार्टी प्रमूखको हैसियतमा क्रियाशिल एवम् शान्ति प्रक्रिया र संविधान निर्माणको चरणमा पार्टी प्रम्खको रुपमा आफ्नो जिम्वेवारी वहन गर्दै हाल समेत प्रतिनीधीसभा सदस्यको रुपमा जनताले दिएको जिम्वेवारी इमान्दारी पुर्वक निर्वाह गर्दै आएको छु । हामी अन्य निवेदक हरु समेत २०३२ सालमा स्थापित अखिल नेपाल कोअर्डिनेशन केन्द्रको पाला देखी नै तत्कालिन ने.क.पा.मा.ले. हुँदै राजनीतिमा क्रियाशिल रही हालको एमालेको स्थापना काल देखिकै नेतृत्व दायी भुमिकामा क्रियाशिल रहि आएका र निवेदक मध्ये म भिम वहादुर रावल उपप्रधानमन्त्री र अन्य दुई निवेदकहरु क्रमश कृषि तथा पशुपंछी र अर्थ मन्त्री समेतको हैसियतमा रहेर देश जनता र पार्टीका पक्षमा निरन्तर क्रियाशिल रहदै हाल प्रतिनिधि सभाको सदस्यको रुपमा क्रियाशिल रही आएका छौं ।

ख ) निवेदकहरु समेतको सक्रिय सहभागिता र नेतृत्वमा २०४९ सालमा सम्मपन्न हाम्रो पार्टी एमालेको पाँचौ राष्ट्रिय महाधिवेशनले स्व जननेता मदन भण्डारीको अगुवाईमा पास गरेको जनताको वहुदलिय जनवादको सिधान्त तथा कार्यक्रमकै कार्यदिशामा २०६२/६३ को जनक्रान्ती सम्पन्न भएको र वहुदलिय जनवादका आधारभुत विशेषताहरु समावेश भएको वर्तमान संविधानले अंगिकार गरेको संवैधानिक सर्वोच्चता, विधिको शासन, स्वतन्त्र न्यायापालीका र राजनीतिकदलहरुको आन्तरिक लोकतन्त्रको पक्षमा दृढ विस्वास गर्ने भएको नाताले निवेदकहरु माथि प्रत्यर्थिहरुले गरेको निम्न वमोजिमको अन्यायपुर्ण कार्यको लागि अन्य वैकल्पिक उपचार नभएको एवम् प्रस्तुत विवाद हामि निवेदकहरुको व्यक्तिगत एवम् राजनीतिक दलको संचालनको विधि प्रक्रिया संग सम्वन्धीत र लाखौ लाख जनताको प्रतिनिधित्वको सरोकारको सवाल समेत निहित भएकोले सार्वजनिक सरोकारको विवादको रुपमा समेत

नेपालको संविधानको धारा ४६ र धारा १३३(२),(३) का आधारमा सम्मानीत अदालत समक्ष यो रिट निवेदन लिई उपस्थित भएका छौं । हाम्रो निवेदन वमोजिम रिट जारी गरी पाँउ भन्ने सर्मथनमा निम्न वमोजिमको तथ्य र संवैधानिक तथा कानूनी आधारहरु उल्लेख गर्न चाहान्छौ ।

३. निवेदक मध्ये म माधव कुमार नेपाल र म भिभ वहादुर रावललाई प्रत्यर्थि पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री (यस पछी ओली मात्र भनिने ) को निर्देशनमा प्रत्यर्थी इश्वर पोखरलेले मिति २०७७।१२।८ को मिति उल्लेख गरी करिव करिव एकै प्रकारको कथित स्पष्टीकरण माग गर्नु भएको थियो । सो कथित स्पष्टीकरणका सम्वन्धमा म माधव कुमार नेपाल र म भिम वहादुर रावलले मिति २०७७ चैत्र मिति २०७७।१२।१२ गते आफ्नो भनाई समेत राखी जवाफ दिएका थियौं । त्यसै गरी निवेदक मध्ये म सुरेन्द्र पाण्डेलाई मिति २०७७ चैत्र ८ गते र म घनस्याम भुषाललाई पनि मिति २०७७ चैत्र ८ गते करिव करिव एउटै व्यहोराको पत्र लेखि स्पष्टीकरण माग गरिएकोमा हामिहरुले मिति २०७७ साल चैत्र १७ गते त्यसको जवाफ दिएकोमा हामिले दिएको जवाफको कुनै वास्ता नगरी त्यसको मुल्याकंन र त्यस वारे कुनै कमिटिमा छलफल एवम हामि संग राय परामर्श समेत नगर निवेदक मध्ये म माधव कुमार नेपाल र भिम वहादुर रावललाई मिति २०७७।१२।१६ गतेमा मा र अन्य दुई निवेदकलाई मिति २०७७।१२।१९मा पार्टीको साधारण सदस्यवाट ६ महिनाको लागि निलम्वन गरिएको भन्ने पत्र प्रत्यर्थी ओलिले पठाउनु भएको र तत् पश्चात पुन मिति २०७८।१।६ को मिति राखि हामि निवेदक लगायत प्रत्यर्थि ओलीको पार्टी,संविधान र पार्टीको विधान विपरित कार्यको आलोचना गर्ने प्रतिनिधिसभा एवम् प्रदेश सभा समेतका २७ जना माननीय सदस्यहरुलाई प्रतिनिधि सभा एवम् प्रदेश सभाको सदस्य समेतवाट दल त्याग गरेको अभियोगमा निश्काशन गर्ने प्रक्रिया आराम्भ गर्न लागेको भनि थप कारवाहीको पत्र सार्वजनिक संचार माध्यममा प्रकाशित भएको छ भने हामि केहि सदस्यहरुको इमलेलमा उक्त पत्र समेत प्राप्त भएको । त्यस्तै हामीहरुलाई गरिएको कथित कारवाही वमोजिम राजनीतिक दल सम्वन्धी ऐन २०७३ ( यस पछी ऐन मात्र भनिने ) को दफा

५१ वमोजिम प्रत्यर्थि आयोग र प्रत्यर्थि संसद सचिवालयमा सुचना दिन लागिएकोले त्यस प्रकारका काम कारवाहि भएमा निवेदक तथा निवेदकले प्रतिनिधीत्व गर्ने जनताको संविधान वमोजिमको प्रतिनिधित्व समेत श्न्य हुने भएकोले प्रत्यर्थिका त्यस्ता सवै काम कारवाहीहरु अधिकार पृच्छा , प्रतिषेध र उत्प्रेषणको आदेशद्धारा रोकि वदर गरी पाँउ भनी निम्न वमोजिम थप निवेदन गर्दछौं ।

३. प्रत्यर्थि ओलीले हामिलाई सोधिएको कथित स्पष्टीकरण र  तत् पश्चात गरिएको कारवाही पत्रमा हामीलाई दशौं राष्ट्रिय महाधिवशेन आयोजक कमिटीको सदस्यको रुपमा र निजलाई अध्यक्षको रुपमा राख्नु भएको छ भने उक्त दुवै पत्रमा केन्द्रिय समितिको २०७७ फालगुण २८ को दशौं विशेष र एघारौं वैठक एवम २०७७ चैत्रको १२ औं वैठकको निर्णय वमोजिम भनी उल्लेख गर्नु भएको तथ्य नै शतप्रतिशत गैर कानूनी, गैर संवैधानिक र पार्टीको विधान विपरित रहेको छ । हाम्रो विधान वमोजिम सम्मेलन आयोजक कमिटी वनाउने र सो हैसियतमा महाधिवेशनवाट निर्वाचित पद एवम हैसियतलाई समाप्त गर्ने अधिकार कोहि कसैलाईं नभएकोले  नभएको हैसियत र नभएको अधिकार प्रयोग गरी गरिएका काम कारवाहिहरु प्रारम्भ देखि नै वदर योग्य रहेका छन् ।

३.१ हाम्रो पार्टीको २०७१ मा सम्पन्न नवौ महाधिवेशन ( यस पछी महाधिवेशन मात्र भनिने ) वाट निर्वाचित नवौ केन्द्रिय कमिटी र त्यसमा पार्टीको विधान वमोजिम मनोनीत भएका सदस्य तथा पदाधिकारीको नाम प्रत्यर्थि आयोगमा राजनीतिक दल सम्वन्धी ऐन २०७३ को दफा ५० र ५१ वमोजिम अभिलेखिकरण भएकोले सो नामावली नै कानून वमोजिमको पार्टीका पदाधीकारी र केन्द्रिय सदस्यहरुको अन्तिम नामावली हो । त्यसै गरी एमालेको नवौ महाधिवेशनद्धारा पारित  विधान समेत महाधिवेशन लगत्तै र त्यसै पछी पनि  २०७४ को निर्वाचन हुनु पुर्व सोही ऐनको दफा ४८ वमोजिम प्रत्यर्थि आयोगमा रहेको छ । यसरी एमाले पार्टी  ऐन तथा पार्टीको विधान वमोजिम दर्ता, अभिलेखिकरण र नविकरण भई क्रियाशिल रहि रहेको वखतमा मिति २०७५ साल जेठ ३ गते ऐनको दफा १० वमोजिम सोही ऐन वमोजिम दर्ता

भएको नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) का विचमा एकिकरण भई प्रत्यर्थि आयोगको मिति २०७५।२।२३ को निर्णय वमोजिम नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नामक नयाँ दलको रुपमा क्रियाशिल भएको थियो । यसरी एकिकृत भएको नेकपामा पनि निवेदकहरु मध्ये माधव कुमार नेपाल सचिवालय सदस्य र अन्य निवेदकहरु स्थायी कमिटीको सदस्यको रुपमा क्रियाशिल रहेका थियौं ।

३.२ नेकपा वन्नु अघी २०७४ सालमा भएको प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेशसभाको निर्वाचनमा दुवै दलले वाम गठवन्धन वनाई संयुक्त रुपमा जारी गरेको घोषणापत्रमा पार्टी एकिकरण गरिने प्रतिवध्दता उल्लेख गरिएकोले त्यस घोषणा पत्र मार्फत वाम गठवन्धनले नेपाली जनताको करिव दुई तिहाई जनमत प्राप्त गरी प्रारम्भमा संविधानको धारा ७६(२) वमोजिम प्रत्यर्थि प्रधानमन्त्रीको नेतृत्वमा सरकार गठन भई दल एकिकरण भए पश्चात धारा ७६(१) को सरकारमा रुपान्तरण भएको थियो । यस तथ्यलाई निवेदक देव प्रसाद गुरुङ समेत भएको प्रतिनिधिसभाको विघटन सम्वन्धी विवादको मुद्धामा सम्मानीत अदालतको संवैधानिक इजलासले मिति २०७७।११।११ गरेको फैसला आदेशमा समेत स्विकार गरिएको छ । यसरी निर्वाचनको वखतमा वाम गठवन्धन वनाई नेपाली जनताको अभिमत वमोजिम स्थिरता र विकासको पक्षमा एकल सरकार वनेको थियो । यस अर्थमा एमाले र माओवादी केन्द्रको एकतालाई नेपाली जनताको अत्यधिक सर्मथन प्राप्त भएकोले नेपालको संवैधानिक र संसदिय अभ्यासमा दुई ठुला कम्युनिष्ट पार्टि मिल्नु पर्दछ भन्ने विषयको यो घटना एक प्रकारको जनमत संग्रह नै थियो । जनअभिमतवाट निर्माण भएको नेकपा दल र त्यस दलको नेतृत्वको सरकारलाई खण्डित गरिने कुनै पनि कार्य वा निर्णय जनअभिमतको विपक्षमा हुने स्वतह सिद्ध छ ।

३.३ तर सम्मानीत सर्वोच्च अदालतको मिति २०७७।११।२३ को निवेदक ऋषिराम कट्टेल वि. प्रत्यर्थि निर्वाचन आयोग समेत भएको ( ०७५ W0 ५१७ ) मुद्धामा भएको आदेश वमोजिम उल्लेखित पार्टी एकिकरण गर्ने निर्णय उत्प्रेषणको आदेशद्धारा वदर भई "साविकमा निर्वाचन आयोगमा दर्ता रहेका ने.क.पा.एमाले

र नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र अलग अलग राजनीतिक दलको रुपमा साविककै अवस्थामा कायम रहने" भन्ने परमादेशको आदेश वमोजिम सो मिति देखि हाम्रो दल साविककै अवस्थामा फर्केको छ । उक्त मितिको उल्लेखित फैसलाका सम्वन्धमा हाम्रो जे जस्तो टिप्पणी र मान्यता भए पनि स्वतन्त्र न्यायापालिकाको निर्णयलाई सम्मान र पालना गर्नु पर्ने संवैधानिक दायित्व भएकोले त्यसलाई हामिले संवैधानिक दायित्वकै रुपमा स्विकार गरेर सोहि मिति देखि साविक झैं एमालेकै रुपमा क्रियाशिल रहि आएका छौं ।

३.४ यसरी सम्मानीत सर्वोच्च अदालतको आदेश वमोजम एमाले पुर्न जिवित भए पछी हाम्रो पार्टी माथि उल्लेख गरिए वमोजिम मिति २०७५।२।३ को पुर्व अवस्थामा फर्केको हुनाले त्यस वखत प्रत्यर्थि आयोगको अभिलेखमा कायम नेकपा एमालेको केन्द्रिय कमिटी र पदाधिकारी संख्या यथावत रहेको छ भने देश भरका पार्टी संरचना र संगठन तथा सदस्यहरु पनि सोहि वमोजिम र केन्द्रिय कमिटीका सदस्यहरुको कार्य विभाजन पनि सोहि वमोजिक कायम भएको निर्विवाद छ । उक्त फैसला पश्चात अव एमालेको प्रत्यर्थि आयोगमा अभिलेखिकरण भएको विधान वमोजिम एमाले क्रियाशिल रहने व्यहोरा पनि कानुनतह स्पष्ट नै छ। यसरी संवैधानिक अंग प्रत्यर्थि आयोगमा अभेलेखिकरण भएको दलको संरचना, पदाधिकारी र विधान नै हाम्रो दलको अन्तिम विवरण भएकोले त्यस विवरण विपरितका सवै काम कारवाही र निर्णयहरु गैर संवैधानिक , गैर कानूनी र पार्टी विधान विपरित हुने भएकोले प्रत्यर्थि प्रधानमन्त्री ओलीले हामिहरुलाई गर्नु भएको कथित कारवाही र त्यस अघीको स्पष्टीकरण समेत स्वतह गैर कानूनी भएकोले त्यस्ता सवै काम कारवाहीहरु उत्प्रेषणको आदेशद्धारा वदर गरि पाँउने मुल माग लिएर हामि निवेदकहरु सम्मानित अदालत समक्ष उपस्थित भएका छौं ।

४.माथि उल्लेख गरिए वमोजिम निर्वाचन आयोगको अभिलेखवाट दर्ता खारेज भई सकेको एमाले अदालतको आदेशद्धारा पुर्नजिवित भए पश्चात सम्मानीत सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै देश जनता र पार्टीको पक्षमा निरन्तर क्रियाशिल रहने प्रतिवद्धताका साथ निवेदकहरुले प्रत्यर्थि पार्टी

अध्यक्षलाई साविक एमालेको केन्द्रिय कमिटीको वैठक अविलम्व वोलाई देश भरका पार्टी संरचनाहरु साविक झैं क्रियाशिल वनाउन निर्णय गरौं भन्ने आग्रह गरि रहेको वखतमा एक्कासि गत फालगुण २८ गते साँझ सार्वजनिक संचार माध्यममा एमाले केन्द्रिय कमिटीको ओलि पक्षिय वैठक वसि विभिन्न निर्णय गरेको भन्ने समाचार सार्वजनि हुँदा हामि अचम्भित भयौं ।

४.१ त्यतिले मात्र नभएर प्रत्यर्थि पार्टी अध्यक्षले कथित फालगुण २८ गतेको निर्णयको निरन्तरता स्वरुप एक पक्षिय रुपमा मिति २०७७१२१७ गते वाह्रौ वैठक गरेको भनि ति सवै वैठकका निर्णयहरु भनि मिति ऐ चैत्र १३ गते प्रत्यर्थी ओलीले हस्ताक्षर गरी अन्तरपार्टी निर्देशन न ९ भनि सवै पार्टी सदस्यहरुलाई संप्रेषण गर्नु भएको व्यहोरा हामिले अनौपचारीका रुपमा प्राप्त गरेका छौं । उक्त निर्देशनको प्रती यसै साथ संलग्न गरेका छौं । यसरी जारी गरिएको कथित निर्देशनमा उल्लेखित फालगुण २८ को वैठकको निर्णयले विधानको वाधा अड्काउ फुकाउने कार्य गरिएको ,महाधिवेशनको मिति तोकिएको, एमालेको सदस्य समेत नरहेका २३ जनालाई केन्द्रीय कमिटीमा मनोनयन गरिएको, पार्टीको विधान विपरित काम गर्ने व्यक्तिलाई कारवाही गर्ने अधिकार पार्टी अध्यक्षलाई दिइएको, कार्य विभाजन गर्दै आफ्नो गुट विशेषका व्यक्तिहरुलाई मात्र कामको जिम्मा दिइएको, संसदीय दलको विधान अनुमोदन गरिएको ,महाधीवेशन आयोजक कमिटी गठन गरिएको ,निवे्दकहरुलाई पार्टी विरोधी गतिविधि गरेको आरोपमा स्पष्टीकरण सोधेर कारवाही गरिने लगायतका विषयहरु समावेश गरिएको रहेछ । उक्त कथित निर्देशनमा उल्लेख गरिए वमोजिम नै हाल हामिहरुलाई ६ महिनाका लागि निलम्वन गरिएको र संसद सदस्यवाट समेत कारवाही गरिने समाचार प्रकाशित भएको व्यहोरा माथि नै उल्लेख गरि सकिएको छ ।

प्रत्यर्थी पार्टी अध्यक्षले गर्नु भएको उक्त कथित निर्णय प्रत्यर्थि आयोगमा अभिलेखिकरण भएको एमालेको विधान २०४९(संसोधन सहित) धारा १४ झ, ४१ र ४२ को अधिनमा रहि वैठकको कार्य सुचि स्थायी कमिटीले तय गर्नु पर्ने, वैठक वस्तु अगावै सवै सदस्यहरुलाई जानकारी गराउनु पर्ने , स्थायी कमिटीले तय गरेको कार्य सुचिको आधारमा अध्यक्षको परामर्शमा महासचिवले वैठकको एजेण्डा सहित सुचना दिनु पर्ने भनि वैठक संचालन सम्वन्धी कार्यविधि र संविधानमा उल्लेखित पार्टिको विधान लोकतान्त्रिक हुनु पर्ने भन्ने व्यवस्थको विपरित रहेको छ । त्यस्तै विधानको संसोधन पार्टीको विधानको धारा १३ र १३ क वमोजिम केवल राष्टिय महाधिवेशनले मात्र गर्न सक्दछ । .त्यस्तै पार्टीका विधानको धारा ४७ वमोजिम विधानको कार्यान्वयनमा कुनै वाधा परेमा केवल केन्द्रिय कमिटीले मात्र वाधा अडकाउ फुकाउन सक्ने व्यवस्था रहेको छ । तर प्रत्यर्थि ओलीले गर्नु भएको भनिएको उक्त फालगुण २८ को कथित दशौं विशेष वैठक र ऐ चैत्र ७ गते वसेको भनिएको केन्द्रीय कमिटीको वैठकमा ति कुनै पनि प्रक्रियाहरु अवलम्वन नगरिएको, वैठकको आधिकारिक सुचना कोहि कसैलाई नदिइएको र वैठकको गणपुरक संख्या समेत नपुरयाइएको र केवल आफ्ना गठजोडका निवेदक वाहेकका सिमित व्यक्तिहरुलाई मात्र सोही दिन विहान ८ वजे यस. यम. यस. मार्फत " कमरेड अभिवादन,यहि फागुन २८ गते शुक्रवार विहान ठिक ११ वजे प्रधानमन्त्री निवास वालुवाटारमा उपस्थितिका लागि अनुरोध छ । इश्वरी रिजाल नेकपा एमाले केन्द्रीय कार्यालय सचिव धुम्वाराही " भन्ने सुचना संप्रेषण गरिएको व्यहोरा हाल आयर अवगत हुन आएको छ । यस प्रकारको अनधिकृत र गुट विशेषका मानिशहरुलाई मात्र जारी गरिएको सुचनाका आधारमा भेला भएका मानिशहरुको समुहलाई केन्द्रीय कमिटीको वैठक भनि नामाकरण गरिनु लोकतन्त्रको धज्जी उडाउनु र एमालेको सिधान्त वहुदलिय जनवादकै खिल्ली उडाउनु भएकोले त्यस प्रकारको अनधिकृत सुचनालाई आधार मानि गरिएको भनिएको गुट भेला केन्द्रीय कमिटीको निर्णय हुन नसक्ने भएकोले त्यस गुट भेलाको आधारमा गरिएको भनिएको निर्णय, विधान संसोधन र कार्यविभाजन जस्ता सवै कार्यहरु अनधिकृत र गैर कानूनी रहेकोले तिनको प्रभाव कानूनी

रुपमा शुन्य घोषित गरि पाँउ । उक्त सुचनावाटै उक्त दिन कुनै वैठक नवसेको कुरा स्पष्ट भएकोले  सो दिनको कथित वैठक वमोजिम भनि हामिलाई सोधिएको स्पष्टीकरण समेत प्रारम्भ देखि नै शुन्य रहेको छ ।

६. उक्त व्यहोराको समाचार सार्वजनिक संचार माध्यममा संप्रेषित भए पश्चात प्रत्यर्थि पार्टी अध्यक्ष संग निवेदकहरु समेत भई प्रधानमन्त्री निवास वालुवाटारमा छलफल हुँदा कथित फालगुण २८ गतेको अवैधानिक गुट भेलाको अनधिकृत निर्णय सच्याउन र सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै एमालेको आधिकारिक कमिटीको वैठक वोलाउन हाहिहरुले माग गरेका थियौं । तर प्रत्यर्थि पार्टी अध्यक्षले अदालतको आदेशको सम्मान नगर्ने र आफु फालगुण २८ गतेको गुट भेलाको निर्णयवाट पछी नहट्ने जवाफ दिनु भएकोले उहाँ नेपाली जनताको जनमत र सत्तरी वर्ष देखिको कम्युनिष्ट आन्दोलनलाई विभाजित गर्न कटिवद्ध रहेको हामिले महसुस गरेका छौं ।

७. प्रत्यर्थि पार्टी अध्यक्षको गुट भेलाको उक्त निर्णय वमोजिम ऐनको दफा ५१ वमोजिम विवरण सच्चयाउन आएमा सो अवैधानिक गुट भेलाको निर्णय वमोजिम विवरण सच्याउन नमिल्ने भएकोले सो वमोजिम नगर्न भन्ने  व्यहोरा सहितको पत्र हामि निवेदक लगायत पार्टीका ११ जना स्थायी कमिटी सदस्यहरुले प्रत्यर्थि आयोगमा मिति.....मा निवेदन साथ दिएकोमा प्रत्यर्थि आयोगले सो सम्वन्धमा ऐनको दफा ५१(२) वमोजिम हाल सम्म कुनै कारवाही गरेको निवेदकलाई थाहा जानकारी दिएको छैन । त्यसै गरी दलको केन्द्रिय समिति वा  पदाधिकारीको विषयमा विवाद भएको अवस्थामा ऐनको दफा ४३ (ग) वमोजिम त्यस्तो विवादको निरुपण गर्नु पर्ने कानूनी कर्तव्य भएकोमा प्रत्यर्थी आयोगले हाम्रो निवेदनमा कुनै कारवाही नगरी कथित गुट भेलाको निर्णय वमोजिम विवरण सच्याउने तयारी गरि रहेको सुचना समेत प्राप्त भएकोले  त्यस्तो काम कारवाही रोक्न र पार्टीको विधान र सर्वोच्च अदालतको मिति २०७७।११।२३ को परमादेशको आदेश वमोजिम पार्टी संचालन गर्न गराउन आवश्यक निर्देशन जारी गरी पाँउन भनि पार्टीका नेताहरुले पुन मिति २०७८।१।५ मा निवेदन दिएकोमा त्यो निवेदनमा समेत कुनै कारवाही नगरी

प्रत्यर्थि आयोग समेत आफ्नो संवैधानिक दायित्व पुरा गर्न पन्छीएको वा कार्यकारिणीको दवाव वा प्रभावमा परेकोले सम्मानित अदालतवाटै प्रस्तुत विवादको न्यायिक निरुपण हुन अनिवार्य रहेको व्यहोरा सादर निवेदन गर्न चाहान्छौं ।

८. त्यतिले मात्र नभएर प्रत्यर्थि पार्टी अध्यक्षले कथित फालगुण २८ गतेको निर्णयको निरन्तरता स्वरुप एक पक्षिय रुपमा मिति २०७७।१२।७ गते वाह्रौ वैठक र मिति २०७८।१।६ मा तेह्रौ वैठ गरेको भनि ति सवै वैठकका निर्णयहरु भनि मिति ऐ चैत्र १३ गते प्रत्यर्थी ओलीले हस्ताक्षर गरी अन्तरपार्टी निर्देशन न ९ भनि सवै पार्टी सदस्यहरुलाई संप्रेषण गर्नु भएको र मिति २०७८।१।६ गतेको अर्को वैठक वमोजिम भनि हामि निवेदक समेतलाई थप कारवाहि गर्ने भन्ने व्यहोरा हामिले अनौपचारीका रुपमा प्राप्त गरेका छौं । उक्त निर्देशनको प्रती यसै साथ संलग्न गरेका छौं । यसरी जारी गरिएको कथित निर्देशन र निर्णयमा समेत विधानको वाधा अड्काउ फुकाउने कार्य गरिएको ,महाधिवेशनको मिति तोकिएको, एमालेको सदस्य समेत नरहेका २३ जनालाई केन्द्रीय कमिटीमा मनोनयन गरिएको, पार्टीको विधान विपरित काम गर्ने व्यक्तिलाई कारवाही गर्ने अधिकार पार्टी अध्यक्षलाई दिइएको, कार्य विभाजन गर्दै आफ्नो गुट विशेषका व्यक्तिहरुलाई मात्र कामको जिम्मा दिइएको, संसदीय दलको विधान अनुमोदन गरिएको ,महाधीवेशन आयोजक कमिटी गठन गरिएको ,निवे्दकहरुलाई पार्टी विरोधी गतिविधि गरेको आरोपमा स्पष्टीकरण सोधेर कारवाही गरिने लगायतका विषयहरु समावेश गरिएको रहेछ । उक्त कथित निर्देशनमा उल्लेख गरिए वमोजिम नै हाल हामिहरुलाई ६ महिनाका लागि निलम्वन गरिएको व्यहोरा माथि नै उल्लेख गरि सकिएको छ ।

९.प्रत्यर्थि पार्टी अध्यक्षले निवेदकहरुलाई सोध्नु भएको अनधिकृत स्पष्टिकरण र अनधिकृत रुपमा गरिएको कारवाहिको अन्तरवस्तु हेर्दा हामि निवेदक समेत प्रत्यर्थि पार्टी अध्यक्ष नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा आवद्ध रहेको वखत त्यस पार्टीको जिवन कालमा पार्टी भित्र देखिएका अन्तरविरोधलाई आधार मानि त्यसैका आधारमा कारवाही गरिएको देखिन्छ । तर सम्मानीत अदालतको

उल्लेखित फैसला संगै नेकपाको अस्तित्व नै समाप्त भएकोले अर्कै पार्टीमा रहेका वखतको जरियालाई आधार मानि एमालेको विधान वमोजिम कारवाहि गर्न नमिल्ने भएकोले सो आधारमा समेत प्रत्यर्थिहरुका काम कारवाहीहरु दुषित र गैर कानूनी एवम् अनधिकृत भएकोले  वदर गरी पाँउ ।

१०. प्रत्यर्थी पार्टी अध्यक्ष र निर्वाचन आयोगको कार्य वा अकार्यको कारणले निवेदकलाई प्राप्त निम्न वमोजिमको मौलिक,संवैधानिक र कानूनी हक उलघंन भएको र प्रत्यर्थिहरुका काम कारवाहिरु दुराशय पुर्ण , नेपालको संविधानको धारा २६९ ले निर्देश गरेको राजनीतिक दलको चरीत्र विपरित भएको एवम अन्याय पुर्ण, प्राकृतिक न्यायको सिधान्त विपरित र स्वऐच्छाचारी र नेपालको संविधानको  धारा ११, धारा १७ (२) घ, धारा १८, धारा २६९, राजनीतिक दल सम्वन्धी ऐन २०७३ को दफा ७,८,१०,१५,१८,१९, २८,२९,३०,३१,३२ ४३,५० र ५१विपरित  रहेको स्पष्ट नै छ ।

११. त्यसै गरी मिति २०७८।१।६ को दशौ राष्ट्रिय सम्मेलन आयोजक कमिटीको वैठकको निर्णय वमोजिम भनि प्रत्यर्थी ओलीको गुट भेलाले हामि निवेदक समेत पुर्व प्रधानमन्त्री झलनाथ खनाले समेत २७ जना नेता कार्यकर्तालाई प्रतिनिधिसभा एवम प्रदेश सभाको सदस्यवाट किन  निश्काशन नगर्ने भनि हामि निवेदकलाई थप कारवाही गर्न लागिएको हुनाले समेत प्रस्तुत रिट निवेदनमा तत्काल न्यायिक हस्तक्षेप आवश्यक रहेको व्यहोरा सादर निवेदन गर्न चाहान्छौ । यर्थाथमा हामिले हाम्रो दल त्याग गरेका छैनौ र त्याग गर्ने कुनै सोच पनि रहेको छैन । हामि अझै पनि एमालेलाई सुदृढ,श सक्त र देशभक्तिपुर्ण आन्दोलन र परिवर्तनको संवाहक दलको रुपमा स्थापित गर्न दृढ संकल्पित छौं । दल त्याग गर्ने विषय प्रत्यर्थि ओलीको स्वएच्छा वा सनक वा दुराशयको विषय नभई यस सम्वन्धमा राजनीतिक दल सम्वन्धी ऐन २०७३ को दफा ....ले नै स्पष्ट गरेकाले ऐनद्धारा सृजना गरिएका त्यस्ता  आधारहरु वस्तुनिष्ठ ढंगले स्थापित भएको अवस्थामा मात्र दल त्याग हुन सक्ने भएकोले विधायिकाले निर्धारण गरेका त्यस्ता आधारहरुलाई आफु खुसि अपव्याख्या गरी, निरकुंश , स्वऐच्छाचारी र विधिको शासनलाई नै तहस नहस वनाउन एवम

नेपालको लोकतान्त्रीक, राष्ट्रवादी एवम कम्युनिष्ट आन्दोलनलाई नै समाप्त पारी पार्टी सत्ता र राज्य सत्तामा एकलौटी शक्ति आर्जन गर्ने पार्ने दुषित मनशायवाट प्रथ्यर्थी ओलिले आफ्ना काम कारवाहिहरु अघी वढाउनु भएकोले प्रस्तुत रिट निवेदन जारी हुन अनिवार्य रहेको व्यहोरा सादर निवेदन गर्न चाहान्छौ ।

१२. माग गरिएको उपचार

क ) अतह माथि प्रकरण प्रकरणमा लेखिए वमोजिम प्रत्यर्थी पार्टी अध्यक्षले यस सम्मानीत अदालतद्धारा भएको मिति २०७७।११।२३ को उल्लेखित रिट निवेदनको फैसला विपरित एमाले पार्टीलाई पुर्ववत रुपमा संचालन गर्न इन्कार गरी उक्त फैसला विपरित पार्टीलाई एक लौटी र अनधिकृत कव्जा गरी संविधानको प्रस्तावना र धारा ७४ मा लेखिएको वहुदलिय प्रतिस्पर्धात्मक शासन व्यवस्थाको प्रतिकुल धारा २६९ ले निर्देश गरेको राजनीतिक दलको लोकतान्त्रिक चरीत्र विपरितको अभ्यास गर्न खोजेको र हामि निवेदकको राजनीतिक जीवन नै समाप्त पार्ने द्राशय पुर्ण मनोभावना राखी निवेदकलाई पार्टी एवम् संसद सदस्य वाट जवरजस्त निश्काशन गर्न खोजेको र प्रत्यर्थि आयोगले समेत आफ्नो संवैधानिक दायित्व पुरा नगरेकोले प्रत्यर्थि पार्टी अध्यक्षले एक पक्षिय रुपमा प्राकृतिक न्यायको सिधान्त विपरित गरेका कथित माथि उल्लेखित फालगुण २८ र चैत्र ७ , वैसाख ६ गतेको भनिएको निर्णय सो निर्णयका आधारमा भनि जारी भएको अन्तरपार्टि निर्देशन न ९ र हामिलाई गरिएको र गर्न लागेको भनिएको उल्लेखित कारवाही, पार्टी विधानको संसोधन, कार्य विभाजन र वाधा अड्काउ फुकाउने आदेश समेत प्राराम्भ देखि गैर कानूनी, दुराशय युक्त र नेपालको संविधानको धारा ११, धारा १७ (२) घ, धारा १८, धारा २६९, राजनीतिक दल सम्वन्धी ऐन २०७३ को दफा ७,८,१०,१५,१८,१९, २८,२९,३०,३१,३२ ४३,५० र ५१विपरित रहेकोले नेपालको संविधानको धारा १२६(२) र १२८(४) को आलोकमा धारा १३३(२) र (३) का आधारमा उल्लेखित सवै काम,कारवाहि ,निर्णय र पत्राचारहरु उत्प्रेषणको आधारमा वदर घोषित गरी र संविधानको धारा १२६(२) र धारा

१२८(४) वमोजिम यस अदालतवाट निवेदक ऋषिराम कट्टेलको मुद्धामा मिति २०७७।११।२३ मा भएको आदेश वमोजिम एमाले पार्टी, त्यसको विधान र नवौ राष्ट्रिय महाधिवेशनद्धारा निर्वाचित केन्द्रिय कमिटीलाई पुर्ववत रुपमा काम काज गर्न दिनु दिलाउनु भन्ने परमादेशको आदेश जारी गरि पाँउ ।

ख) त्यसै गरी माथि उल्लेखित गैर कानूनी र अनधिकृत निर्णयको आधारमा हामि लगायत पार्टीका २७ जना नेता कार्यकर्ता र प्रतिनिधिसभा एवम प्रदेशसभाका सदस्यहरुलाई गरिएको भनिएको कारवाहि र संसद सदस्य समेतवाट निश्काशन गर्न प्रारम्भ गरिएको कारवाही समेत उत्पेषण, प्रतिषेध को आदेशद्धारा वदर एवम रोक्का गर्ने लगायतका अन्य उपयुक्त आदेश समेत जारी गरि पाँउ । साथै अनधिकृत र गैर कानूनी रुपमा गरिएको निर्णयको आधारमा प्रत्यर्थी आयोगमा रहेको हाम्रो पार्टीको अभिलेख र विवरणमा राजनीतिक दल सम्वन्धी ऐनको दफा ५१ वमोजिम कुनै परिवर्तन नगर्नु नगराउनु भन्ने प्रतिषेध र परमादेशको आदेश प्रत्यर्थि आयोगको नाममा जारी गरी पाँउ ।

ग ) साथै उल्लेखित अनधिकृत निर्णयका आधारमा गरिएको कारवाहिलाई आधार मानि निवेदकहरुलाई प्रत्यर्थि पार्टी अध्यक्षले कुनै पनि वखत राजनीतिक दल सम्वन्धी ऐन २०७३ वमोजिम दल त्याग गरेको कारवाही गर्न सक्ने पुर्ण आंशका भएकोले त्यस्तो कार्य प्रतिषेधको आदेशद्धारा तत्काल रोक्नु भन्ने आदेश समेत जारी गरी पाँउ ।

१३. प्रस्तुत रिट निवेदन विचाराधिन रहेकै वखत प्रत्यर्थिहरुले हाम्रो विरुद्धमा थप कारवाही गर्नका लागि मिति २०७८।१।१० मा अर्को वैठक राखिएको भनि सार्वजनिक भएकोले उक्त वैठकवाट हामिलाई थप कारवाहि गरिने र त्यस आधारमा प्रत्यर्थी आयोगले समेत विवरण सच्याउने भएकोले यो रिट निवेदनको अन्तीम किनारा नलागे सम्म राजनीतक दल सम्वन्धी ऐन २०७३ र पार्टीको विधान विपरितका हामिलाई गरिएको वा गर्न लागिएको माथि उल्लेखित कारवाही हाल यथास्थितिमा राख्न् र निवेदक समेतका २७ जना पार्टीका नेता एवम साँसदहरुलाइ हरुलाई थप कारवाही नगर्नु नगराउनु भनि

प्रत्यर्थिहरुका नाममा सर्वोच्च अदालत नियमावलीको नियम ...वमोजिम अन्तरिम आदेश समेत जारी गरी पाँउ ।

१४. यो संग सम्वन्धीत निम्न बमोजिमका प्रमाणहरु यसै साथ पेश गरेका छौं

क ) निवेदकहरुलाई सोधिएको स्पष्टीकरण, हामिले दिएको जवाफ एवम हामिलाई गरिएको भनिएको निलम्वनका प्रतिलिपिहरु

ख ) उल्लेखित अन्तरपार्टी निर्देशन ९

ग ) निर्वाचन आयोगमा दिईएको निवेदनको प्रतिलिपि

घ ) मिति २०७८।१।६ को वैठक वमोजिम भनि हामिलाई गर्न लागिएको दल त्याग सम्वन्धी कारवाहिको इमेलमा प्राप्त प्रतिलिपि

ङ हाम्रो पार्टीको विधान २०४९( २०७१ को संसोधन सहित )

च )

यसमा लेखिएको व्यहोरा ठिक छ फरक छैन फरक ठहरे सँहुला वुझाउला ।

**निवेदक**

निज वा दुर्गा ब. दहाल